स्वीकृति नलिई संचालन गरिएका सामुदायिक तथा संस्थागत र निजी बिद्यालयलाई निरुत्साहित र नियन्त्रण गर्दै कानुनी दायरामा ल्याईनेछ र संचालनमा ल्याईएका बिद्यालयलाई जनसंख्या तथा नक्साकनका आधारमा स्तरवृद्धि गरिनेछ। विद्यार्थी शिक्षक अनुपात, भौगोलिक विकटता र स्थानीय सन्दर्भलाई विश्लेषण गरी विद्यालयहरुको कक्षा घटाउन तथा विद्यालयहरु एक आपसमा गाभ्न सकिनेछ।

विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, नगर शिक्षा समितिको गठन गरेर शैक्षिक विकासका कार्यक्रमहरुको कार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

बिद्यालयलाई प्रदान गरिने बिभिन्न अनुदान रकमहरुलाई लक्षित बर्गसम्म पुऱ्याउन आर्थिक पारदर्शिताको नीति अवलम्बन गरिनेछ र बिद्यालयको सामाजिक परिक्षणलाई अनिवार्य र प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ।

सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको सहकार्य र समन्वयमा बिद्यालय बाहिर रहेका बिद्यालय उमेरका बालबालिकाहरुको पहिचान गरी उनीहरुलाई औपचारीक शिक्षाको मुल प्रवाहमा समेट्न बिभिन्न खालका सिर्जनात्मक र रचनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

बस्ती बस्तीमा निरक्षर जनसंख्याको पहिचान गरी अनौपचारीक शिक्षा संचालन गर्न पहल गरिनेछ।

बुढिगंगा नगरपालिका क्षेत्र भित्रका विद्यालयहरुमा आवश्यकता निर्धारण गरी बिभिन्न विद्यालयहरुमा कामकाजमा खटाउन सक्नेछ।

यस बुढिगंगा नगरपालिका अन्तर्गतका बिद्यालयहरुलाई नगरपालिका स्तरीय खेलकूद् तथा अतिरिक्त क्रियाकलाप संञ्चालन गर्न गराउन प्राथमिकता तथा प्रोत्साहन दिइनेछ।

यस बुढिगंगा नगरपालिका रहेका सबै बिद्यालय तथा बाल विकास केन्द्रलाई स्तरबृद्धि गरी शिक्षकहरुलाई क्षमता विकासको लागि सरोकारवालासँग आवश्यक पहल गरिनेछ।

शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेपमुक्त गराइनेछ। बुढिगंगा नगरपालिका विद्यालयहरुलाई शान्ति क्षेत्र बनाइनेछ। विद्यालय शिक्षकको विषयगत गुणस्तर मापदण्ड तयार गरिनेछ। यसका आधारमा शिक्षकहरुलाई प्रोत्साहन र दण्डको व्यवस्था गरिनेछ। समग्र शैक्षिक उपलब्धिका सूचकहरुको आधारमा बुढिगंगा नगरपालिका भित्र एक उत्कृष्ट विद्यालयलाई पुरस्कार प्रदान गरिनेछ।

सूचना प्रविधिमैत्री अध्यापन कार्यलाई प्रोत्साहन गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ। आगामी पाँच वर्षभित्रमा सबै विद्यालयहरुमा इन्टरनेट सेवा पुऱ्याइनेछ।

## स्वास्थ्य

जनतामा गुणस्तरीय स्वास्थ्य सेवाहरुको प्रत्याभूत गर्न यस बुढिगंगा नगरपालिका रहेका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने जनशक्ति ब्यवस्थापन र परिचालनका लागि मानव संसाधन योजना तयार गरी कार्यान्वयन गर्न पहल गरिनेछ।

१६०. दिर्घ रोगी,आर्थिक अवस्था कमजोर तथा आकस्मीक प्रकृतिको बिरामीहरुलाई सेवा प्रदान गर्न आकस्मिक स्वास्थ्य उपचार कोष स्थापना गरि सेवा प्रवाह गरिनेछ।

१६१. यस नगरपालिकाला पूर्ण सरसफाई घोषणा गर्न यस नगरपालिकाका सबै वडा र बस्तीहरुमा खानेपानी तथा शौचालयहरुको अनुगमन तथा निरीक्षण गरी आवश्यक ब्यवस्थापन गर्न पहल गरिनेछ।

१६२. अन्तर्राष्ट्रिय दातृ निकायहरुसँग आवश्यक समन्वय गरी एम्बुलेन्स सेवालाई बुढिगंगा नगरपालिकामा सुचारु गरिनेछ।

१६३. बुढिगंगा नगरपालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ। राष्ट्रिय बीमा बोर्डबाट स्वास्थ्य वीमा कार्यक्रम सुरु भइसकेपछि स्वास्थ्य बीमाबाट बीमित नहुनेलाई नगरपालिकाबाट कुनैपनि सहायता प्रदान गरिनेछैन।

१६४. नगरपालिकाबाट १५ शैयाको अस्पताल निर्माणको लागि आवश्यकीय पूर्वाधार तय गरिनेछ।

१६५. बुढिगंगा नगरपालिकामा स्वास्थ्य प्रयोगशाला निर्माणको सम्भाव्यता अध्ययन सुरु गरी सञ्चालन गर्न आवश्यक नीति तय गरिनेछ।

## खानेपानी तथा सरसफाई

१६६. एकीकृत जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरी बुढिगंगा नगरपालिकाको जलाशय क्षेत्रहरुको विशेष संरक्षण गरिनेछ।

१६७. सरसफाई सम्बन्धि काम गर्ने बिभिन्न संघ संस्थाहरु संग समन्वय गरि सरसफाई डिजिटल प्रोफाईल निर्माण गरिनेछ।

१६८. स्थानीय वातावरण अनुकूलनका वन पैदावरहरुको विस्तार, भू-क्षय नियन्त्रण र नदी मुहान तथा किनाराको संरक्षण गरिनेछ।

१६९. बुढिगंगा नगरपालिका जनतालाई स्वच्छ, सफा, गुणस्तरीय र दीगो रुपमा व्यवस्थापन हुने खालको खानेपानी र उचित सरसफाइको व्यवस्था मिलाइनेछ।

१७०. बुढिगंगा नगरपालिका भित्र एक घर एक धाराको व्यवस्था गरिनेछ। खानेपानीमा पहुँच नपुगेका क्षेत्रहरुमा पाँच वर्षभित्र स्वच्छ खानेपानी उपलब्ध गराइनेछ। सुख्खाग्रस्त क्षेत्रमा लिफ्टिङ खानेपानी योजना अघि बढाइनेछ।

## संस्कृति प्रवर्द्धन

१७१. बुढिगंगा नगरपालिकाभ्रमा साँस्कृतिक संग्रहालयको स्थापना गर्ने सम्भाव्यता अध्ययन गरी आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ।